# आ.व.२०७५|०७६ को सिगास गाउँपालिकाको निति तथा कार्यक्रम ।

यस सिगास गाउँपालिकाको नीति तथा कार्यक्रम सार्वजनिकीकरण समारोहका अध्यक्षज्यू , प्रमुख अतिथिज्यू, विशिष्ट अतिथीज्यू, राजनैतिकदलका पदाधिकारीज्यु, वडा अध्यक्षज्युहरु, सदशयजयूहरु सरकारी तथा गैर सरकारी कार्यालयका प्रमुखज्यु एवं प्रतिनिधिज्यू, यस कार्यालयका सम्पुर्ण कर्मचारीहरु, वडा सचिवजयूहरु सुरक्षानिकायका प्रमुखज्यू उपस्थित नागरिक समाज, बुद्वीजिवी, समाजसेवी भद्र महिला, दलित बालबालिका, अपांग, जेष्ठनागरिक, पत्रकार मित्रहरु तथा उपस्थित सम्पुर्ण महानुभावहरु ।

यस सिगास गाउँपालिकाको तेस्रो गाउँसभामा हाम्रो आमन्त्रणलाई स्वीकार गरि यस समारोहको गरिमामय उदघाटन कार्यक्रममा आफ्नो अमुल्य समय प्रदान गर्नु भै पाल्नु हुने प्रमुख अतिथी, विशिष्ट अतिथि तथा अतिथीज्यू एवं उपस्थित समपुर्ण सहभागीहरुले अर्थपुर्ण रुपमा सहभागि भई दिनु भएकोमा शिगास गाउँपालिकाको तर्फबाट र म मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत र धन्याबाद व्यक्त गर्दछु ।

निर्धारित समय भित्रै तेश्रो गाउँ सभाको आयोजना गरि यस सम्मानित सभा समक्ष आगामी आर्थिक बर्ष २०७५|०७६ को समग्र गाउँ विकास नीति , योजना तथा कार्यक्रमहरुका साथै गत आ.व. ०७३|०७४ को यथार्थ र चालु आ.व. ०७४|०७५ को जेष्ठ मसान्त सम्मको यथार्थ बजेट प्रस्तुत गर्न पाउँदा म आत्यन्त हर्षित भएको छु ।

प्रस्तावित आगामी आर्थिक वर्षको गाउँ विकास योजनामा बदलिदो राजनैतिक परिवेश संगै स्थापना भएको संघिय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न सहयोग पुर्याउने उदेश्यले सहभागितात्मक, सन्तुलित र समावेशी विकासको अवधारणालाई अबलम्बन गरि योजना तर्जुमा गर्ने प्रयास भएको छ । यस गाउँपालिकाको दीर्घकालिन सोच अनुरुप विकास लक्ष्य प्राप्त गर्न योजनाको तर्जुमा गरि बढी जनमुखी सन्तुलित, समावेशी र लैंगिक उत्तरदायी बनाउन विशेष जोड दिईएको छ । गाउँपालिकाको दुर दराजका गाउँहरु ,समाजमा पछाडी पारिएका वर्ग, क्षेत्र, लिंग र समुदायको हक, अधिकार सुनिश्चित गर्ने र जीवन स्तर अभिबृद्वी गर्ने कार्यहरुमा उपलव्ध सिमित श्रोत साधनहरु केन्द्रित गरि सन्तुलित र न्यायोचित वितरण गर्ने प्रयास भएको छ ।

यद्यपि यस चालु आ.व.मा गतबर्षको गाउँ सभाले पारित गरे बमोजिमको पुजीगत अनुदानको झण्डै ७० % योजनाहरुको काम सम्पन्न हुने स्थितिमा रहेको र हामी संग प्राविधिक कर्मचारी र प्रशासनिक कर्मचारीको अभावमा सोचे जति योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्न अप्ठेरो परेको अवस्था यस सम्मानित सभालाई अवगत गराउन चाहन्छुँ ।

यस गाउँपालिकामा विकासका थुप्रै सम्भावनाहरु र अबसरहरु छन । गाउँपालिकाको समग्र विकासको सवालमा कार्य प्रणालीहरुमा अझ सुधार गरि विकासका कार्यहरुलाई अझ बढी पारदर्सी, एकिकृत, समन्वय,सहकार्य र साझेदारी अवधारणाबाट अघि बढाउन जरुरी छ । गाउँपालिकाको समग्र बस्तुस्थितिको आधारमा सहभागितातमक अवधारण अनुरुप जनताको आवश्यकता र मागलाई उजागर हुने गरि विकासका उच्च संभावनायुक्त क्षेत्रमा लगानीलाई केन्द्रित गराउँदै लान सकेमा विकासले संस्थागत स्वरुप धारण गरि दिगो विकास सम्भव हन्छ ।

स्थानिय सरकारको हैसियतले यस गाउँपालिकाले गाउँपालिका भित्र विकासको कार्यमा संलग्न सबै विकासका साझेदार, सरकारी, गैर सरकारी एवं निजी क्षेत्र समेतको समन्वय र सहकार्यमा उपलब्ध स्रोत साधनहरुको अधिकतम परिचालन हुने गरि सहभागितात्मक रुपमा एकिकृत गाउँविकास योजना तर्जुमा गरि विकासलाई संस्थागत गर्ने अभ्यास गर्दै आएको छ ।

आदर्णिय महानुभावहरु,

अव म आ.व. २०७३।०७४ र २०७४।०७५ जेष्ठ मसान्त सम्मको यथार्थ प्रगति र आ.२०७५।०७६को प्रस्तावित कार्यक्रम निम्न अनुसार प्रस्तुत गर्न चाहन्छु । आ.व. २०७३।०७४को आन्तरिक आम्दानी रू३६४०३८।४२ नेपाल सरकार बाट प्राप्त रु १,००,००,०००। गरि जम्मा रु. १,०३,६४,०३८।४२ आम्दानी रहेको थियो । आ.व.२०७३।०७४ को जम्मा खर्च जम्मा ४६.२५% खर्च भएको थियो । आ.व.२०७४।०७५ जेष्ठ मसान्त सम्म आन्तरिक आम्दानी रु १,०६,३८७।-र नेपाल सरकार बाट प्राप्त गत वर्षको बाँकी रवित्तिय समानिकरण गरि रु २०,०४,३२,५५७।- र ससर्त अनुदान रु. १४,७१,००,०००।- गरि जम्मा रु. ३४,७६,३८,९४४।- रहेकोमा ६०% योजनाको काम सम्पन्न भएता पनि ५४.२०% मात्र रकम भुक्तानी भएको जानकारी गराउदछु ।

आ.व. २०७५।०७६ को बजेट तर्जुमा गर्दा देहायका बिषयलाइ प्रमुख नितिगत मार्गदर्शनको रुपमा अवलम्बन गरेको छु ।

१. नेपालको संविधान २०७२ ले निर्देशित गरेको स्थानीय तहको काम कर्तव्य र अधिकार सम्बन्धि बिषय तथा प्राथमिकताहरु ।

२. नेपालको संविधान २०७२ को अनुसुचि ८ तथा ९ ले स्थानीय तहको लागी तोकेको राजस्व परिचालन सम्बिन्ध खाका खर्च जिम्मेवारी संरचनाको स्वरुप ।

३. नेपाल सरकार अर्थ मन्त्रालय राष्टिय योजना आयोग संघिय मामीला तथा स्थानीय विकास मन्त्रालय बाट प्राप्त बजेट सिलिङ, मार्गदर्शन निर्देशन तथा सुझावहरु ।

अब म आ.व. २०७५।०७६ को लागी प्रस्ताव गरेको आयव्यय पेश गर्न चाहन्छु ।

१. यस गाँउपालिकाको आ.व. २०७५।०७६ को अनुमानित आम्दानी बित्तिय समानिकरण अनुदान तर्फ संघिय सरकार बाट प्राप्त रु. ८,१६,००,०००। र प्रदेश सरकार बाट ६६,९९,०००। र चालु आ.व. को असार मसान्त सम्म खर्च भइ बच्ने अनुमानित रु. १,५०,००,०००। तथा राजस्व बाँडफाट तर्फ संघिय सरकार बाट प्राप्त रु. ६,८८,१७,०००। र प्रदेश सरकार बाट १६,०६,०००। र संघिय सरकार बाट प्राप्त शसर्त अनुदान रु. १२,३५,६७,०००। तथा आन्तरिक आम्दानी रु. ३०,००,०००। र सामाजिक सुरक्षा अनुमानित रु. ४,००,०० ०००। गरि जम्मा रु. ३४,०२,८९,०००। रहेको छ ।

२. यस गाँउपालिकाको आ.व. २०७५।०७६ को पुजिगत तर्फको रु. १०,३२,९९,०००। मध्ये यस गाँउपालिकाका विभिन्न वडा बाट छनौट भइ आएका योजना तथा कार्यक्रममा खर्च गरिने छ , र चालु तर्फ रु. ७,३४,२३,०००। मध्ये गाउपालिकाको प्रशासिनक र व्यवस्थापकीयका साथै अन्य प्रबर्धनात्मक कार्यक्रम र शसर्त अनुदान तर्फ रु. १६,३५,६७,०००। मध्ये तोकीएका शिर्षकहरुमा गरि जम्मा रु. ३४,०२,८९,०००। को व्यय अनुमान रहेको छ ।

म अव आगामी आ.व. २०७५।०७६ मा गाउँपालिकाले अख्तियार गर्ने नीति तथा कार्यक्रमहरु राख्ने अनुमती चाहन्छु ।

भौतिक निर्माण सम्वन्धी

- हाल सम्म सडकले नछोएका वडा हरुमा सडक पुर्याउने निति अनुरुप ५ वर्ष भित्र यस गाउपालिकाका सम्रपुण वडाहरुमा सडक सञ्जाल जोड्न का लागी केन्द्र तथा गाउपालिका बाट काम सुचारु भएको कुरा जानकारी गराउदछु । यस वर्षमा विप्यकटाल ढुंगाड सडकको लागि यस गाउँपालिका वाट विनियजित रकम बाट बोलपत्र आव्हान भै ठेकादार बाट काम शुरु भै सकेको साथै गाउँपालिकाको वाकी रकम बाट गाउँपालिकाको सदरमुकाम सम्म सडक जोड्ने उदेश्यले रु ६० लाखको उपभोक्ता समिति गठन भै सकेको र आगामी वर्षमा पर्याप्त रकम विनियोजन गरि सडकको निर्माण कार्य प्रभावकारी रुपमा संचालन गरि सम्पन्न गरिने छ ।
- गाउपालिका विकास योजनाले निर्धारण गरीएको लक्ष्य अनुरुप साना उद्योग, ग्रामीण उर्जा, कृर्षि पशु एंव वन्यजन्तु स्थानिय सिप तथा प्रविधीमा आधारीत योजना तथा कार्यक्रम हरुलाई प्राथमिकताका साथ अगाडी बढाई रोजगारी अभिबृद्घि गराइने छ ।
- गाउपालिकाको दुर्गम ग्रामीण भेगहरुमा मोबाईल नेटवर्क को गुणस्तर अभिबृद्घि गर्न र सेवा विस्तार गर्न दुरसञ्चार टावर सिगास धुरामा निमार्ण गर्ने सम्बन्धित निकाय संग पहल गरीने छ ।

- खानेपानीका योजना सञ्चालन गर्ने परम्परागत श्रोतहरुको सुधार र वैकल्पिक स्रोतको पहिचानका लागी खानेपानीको पहुच बढाउने कार्यक्रम लाई निरन्तरता दिइने छ र सम्पन्न भएका खानेपानीका योजना हरुलाई मर्मत सम्भार कार्यलाई प्रभावकारी बनाइने छ ।
- सिचाई योजना लाई प्राथमिकताका आधारमा गाउपालिका वडाहरुमा निमार्ण एवम् मर्मत सम्भार कार्य गाउपालिका बाट संचालन भइरहेको र ठुला योजना हरुलाई अगाडी बढाउँन सम्बन्धित निकाय, केन्द्र सरकार र प्रदेश सरकारलाई प्रभावकारी रुपमा समन्वय गरिने छ ।
- डडेल्धुरा जिल्लामा विधुतीकरण भइसकेकोले छिमेकमा रहेका गाउपालिका बाट सिमाना जोडीएका वडाहरु ३,४ र ५ मा विधुत लाइन बाट लाइन विस्तार गर्न नजिक पर्ने भएकाले लाइन विस्तारका लागी सम्बन्धित निकाय संग आवश्यक पहल गरिने छ ।
- नेपाल विधुत राष्टिय प्रशारण लाइन खोडपे बाट वडा नं. १ र २ मा लाइन विस्तार भइरहेको जानकारी गराउछु ।
- धार्मिक पर्यटन तथा अन्य क्रियाकलापमा सिगास क्षेत्रको प्रवधन एंव संरक्षणका लागी पर्यटकीय सडकहरुको निमार्ण कार्यलाई प्राथमिकताका साथ अगाडी बढाइने छ ।

स्वास्थ्य क्षेत्र

- पुर्ण संस्थागत सुत्केरी अभियानलाई निरन्तरता दिर्दै पुर्ण सस्थागत सुत्केरी गाउपालिका घोषणा गर्नका लागी आवश्यक समन्वयात्मक क्रियाकलापहरु सम्पादन गर्ने काम भईरहेको जानकारी गराउछु ।पुर्ण खोपजिल्ला घोषणा भई सकेको हुदा पुर्ण खोप कार्यक्रमलाई निरन्तरता दिने । कुपोषण मुक्त वडाहरु घोषण गरिने छ । वाल विवाह न्यनिकरणका लागि जनचेतना मुलक कार्यक्रम चलाइने छ ।
- गाउँपालिका स्तरिय अस्पतालको निर्माण गर्नका लागिका जमीनको व्यवस्था गरिने छ ।
- स्वास्थ्य विमा कार्यक्रमलाई प्रोतसाहित गरिने छ ।
- पोषण प्रवर्द्न गर्न एक घर एक करेसावारी नमुना टोलहररु एक वडामा एक टोल घोषणा गरिने छ ।
- शिक्षा सम्बन्धी

  यस क्षेत्रका विद्यालयमा कर्यरत निजी श्रोतका शिक्षकहरुको समस्यालाई मध्यनजर गरि बजेट विनियोजन गरिएको छ ।
- शिक्षा क्षेत्रमा देखिएका समस्याहरु पहिचान गरि शौक्षक गुणस्तर अभिवृद्धिका लागि शिक्षाविदहरु सम्मिलित एक कार्य दल गठन गरि प्राप्त प्रतिवेदनलाई यशासिघ्र कार्यान्वयन

गरी भौगोलिक जनसंख्या र दरवन्दिका आधारमा विद्यालय समायोजन गर्ने रणनिती तयार गरेका छौ ।

- गाउँपालिकामा संचालित बालविकास केन्द्रहरुलाई प्रभावकारी ढंगले संचालन गर्न शिक्षा कार्यालयको अगुवाईमा स्थानीय निकाय र महिला तथा वालवालिका कार्यालयको सहयोगमा एकिकृत ढंगले कार्यक्रम बनाई सुधारात्मक रुपले संचालन गर्न निति लिईएको छ ।
- गुणस्तरिय शिक्षा हासिल गर्न विधालय तहको कक्षागत तहगत सिकाई उपलब्धीमा सुधार गरी राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने जनशक्ती उत्पादन गर्ने कार्यक्रम तयार गरी कार्यन्वयन गरिने छ ।
- कृषी तर्फ
- यस गाउँपालिकामा एउटा कृषी बागवानी बनाउने नीति लईएको छ ।
- गाउँपालिका भित्र रसायनिक मल तथा औषधीलाई प्रतिस्थापन गरि जैविक मल तथा जैविक विषादी युक्त खेती गर्न कार्यलाई प्रोत्साहन गरिने छ ।
- वनमा आधारित जडीबुटीको महत्व पारिवारिक तहसम्म जानकारी पुर्याई तुलसी, तितेपाती, आँप, अमला, हर्रो बर्रो, दाल चिनी, पासान भेद, सिउँजेडी, कुरिलो आदी जस्ता बहुउपयोगी जडीबुटीहरुको संरक्षण एंव उपयोग बढाउन पे्ररित गरिनेछ, सोका लागि यस कार्यलाई सामाजिक परिचालनको महत्वपुर्ण अंग बनाईने छ ।
- 
- गाँउपालिकाभित्र रहेका सामुदायीक वन सँग समन्वय गरि वन विनास रोक्नका लागि दैनिक ईन्धनका रुपमा प्रयोग हुने दाउराको खपत कम गर्न घर भित्रको धुवा मुक्त गर्न अभियानको रुपमा कार्यक्रम संचालन गरिने छन ।
- गाँउपालिकाभित्र रहेका जंगलहरुमा जथाभावी वनडढेलो प्रवृति भएकोले त्यस कार्यलाई नियन्त्रण गर्न आवश्यक पहल गरिने छ ।
- निर्माण हुने भौतिक संरचनाहरु वालमैत्री, अपाङ्गमैत्री, महिला मैत्री वनाईनेछ ।
- गाँउपालिका भित्र संचालन रहेका व्यापार व्यवसाय लाई अनिवार्य रुपमा दर्ता प्रकृयामा ल्याई करको दाईरा भित्र ल्याउन ठोस कदम चालिनेछ र सो कि लागी कार्यविधि बनाई कार्यान्वयन गरिने छ ।
- सामुदायिक वनहरुबाट संकलन हुने खोटो संकलन वाफत निश्चत रकम गाँउपालिकालाई प्राप्त हुने व्यवस्थाका लागि गृहकार्य गरिने छ ।

- गाँउपालिकाबाट निकासी हुने जडीबुटी कानुनले बन्देज गरेको बाहेकमा निकासी कर अमला, हर्रोबर्रो, दालचिनी, रिठ्ठा, सिउडी, मिणेती, तिते, तिमुर आदीमा निश्चित मापदण्ड बनाई निकासी कर लगाईनेछ र साथै पशुपंक्षि निकासी कर समेत लगाईनेछ ।
- गाँउपालिकाबाट सम्पादन हुने हरेक आयोजना तथा कार्यक्रमहरुको सार्वजनिक परिक्षण ,सार्वजनिक सुनवाइ, सामाजिक परिक्षण जस्ता कार्यहरुबाट पारदर्शिता एवं स्थानीय स्तरमा सुशासन कायम गरी गुनासो सुन्ने र समाधान गर्ने परिपाटीको विकास गरिने छ ।
- गाँउपालिकामा आवश्यक र उपयुक्त कानुन, नियमावली, कार्यविधि तथा निर्देशिकाहरु तयार गरि गाउपालिका बासिहरुलाई सरल सहज र प्रभावकारी सेवा प्रदान गरिनेछ ।
- यस कार्यालय तथा वडा कार्यालयहरुमा नागरिक वडापत्र राखि जनताहरुलाई सेवा सुविधा प्राप्त गर्ने प्रकृयाका बारेमा जानकारी गराईनेछ ।
- गाँउपालिका स्तरीय राजस्व परामर्श समितिले दिएको सुझावका आधारमा हाललाई राजस्व परामर्श समितिबाट व्यवसाय कर सिफारिस भए अनुसार गर्ने गरि र बाँकी राजस्वको हकमा गाँउपालिका बाट लिदै अइरहेको राजस्वका दरहरु यथावतनै कायम गर्ने गरीएको हुदा सोही अनुसार राजस्व असुल गर्ने र समयानुसार करका दरहरुमा थप घट गरि करका नया सम्भावनाहरुको खोजी तथा पहिचान गरिनेछ ।
- सबै सरोकारवाला एवं करदाताहरुको सहभागितामा राजस्व अभिबृद्धि गरि कुल बजेटमा आन्तरिक आम्दानीको अंश बृद्धि गर्दै लगिनेछ ।
- भवन निर्माण आचार सहिंता २०७२ लाई पुर्णरुपमा कार्यन्वयन गरिनेछ ।